# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:** २०८१/०८२ **मिति :** २०८१/१२/२०

**बैठक संख्या :** १०-२०८१/०८२ **समय :** बिहानको १०:३० बजेदेखि

---

आज मिति २०८१ चैत्र २० गते बुधबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खापुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |
| १७ | श्री मनिष भट्टराई | " | | |
| | श्री बाबुराम घिमिरे | " | | |
| | | | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

आ. व.:२०८१/०८२ मिति :२०८१/१२/२०

बैठक संख्या : १०-२०८१/०८२ समय : बिहानको १०:३० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८१/१०/२४ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्याऽलयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव नं. ४

आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ४

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

(क) बिरामी तथा घाइतेहरुलाई आर्थिक सहायता

| क्र. सं. | सहयोग पाउनेको नाम, थर, ठेगाना | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नन्द कुमारी गुरुङ, रोङ - ६, इलाम | कलेजोरोग उपचार | २०,०००।- | |
| २ | रितु राई | मुटु रोग उपचार | २०,०००।- | |

(ख) अन्य आर्थिक सहायता

| क्र. सं. | सहयोग पाउनेको नाम, थर | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पूजा खड्का रोङ -१, इलाम | लेभल २ को फेसन डिजाइन सम्बन्धि तालिम लिन | २५,०००।- | |
| २ | शान्ति आदर्श माध्यमिक विद्यालय, बुद्धशान्ति -६, झापा | मुखपत्र प्रकाशन | १०,०००।- | |
| ३ | प्रेस चौतारी, इलाम | सांगठनिक कार्य | १०,०००।- | |
| ४ | कुटीडाँडा टोल विकास संस्था | अवलोकन भ्रमण गाडीभाडा | २४०००।- | |
| ५ | पञ्चकन्या मन्दिर विकास एवम् संरक्षण समिति, सूर्योदय नगरपालिका - ११, इलाम | विश्रामगृह निर्माण गर्न | १० बण्डल जस्तापाता | |
| ६ | सुवासचन्द्र नेम्बाङ स्मृति प्रतिष्ठान (सुनेस) | सुवासचन्द्र नेम्बाङ स्मृति पार्क निर्माण | ५०,०००।- | |
| ७ | रिटर्नी फेडेरेसन नेपाल | महाधिवेशनका लागि सहयोग | १०,०००।- | |
| ८ | श्री शान्ति निकेतन मा. वि., रोङ - ३ | शैक्षिक भ्रमण | इन्धन बापत बढीमा रु. १ लाख | |
| ९ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ जिल्ला कार्यसमिति इलाम | महाधिवेशनमा सहभागी हुन जान | ८,०००/- | |
| १० | सांस्कृतिक, कला तथा खेलकूद परिषद, इलाम | खेलकूद प्रतियोगिता सञ्चालन गर्न | ५,०००/- | |
| ११ | जिल्ला खेलकूद विकास समिति, इलाम | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८१ आयोजना सहयोग | ५०,०००/- | |

प्रस्ताव नं. ५

केही योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं. ५

देहायका योजना तथा कार्यक्रमहरु देहाय बमोजिम संशोधन गर्नका लागि गाउँसभाको आउँदो अधिवेशनमा पेश गर्ने :

देहाय :

| क्र. सं. | साबिक योजना/कार्यक्रम | संशोधन | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | रोडः प्रतिभाको खोजी (रु. १०,००,०००।-) | भ्वाइस अफ नेपाल सिजन ६ मा प्रमेश राईलाई भोटिङ सहयोग | रु. ५,००,०००।- | |
| २ | मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा (रु. ६०,०००।- आन्तरिक स्रोत, नगद) | (क) वडा नं. १ का विशाल राईलाई कृत्रिम खुट्टा लगाउनका लागि आवश्यक कागजातका आधारमा बढीमा रु. ३०,०००।- (ख) अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री खरिद तथा वितरण : रु. ३०,०००।- | रु. ६०,०००।- | |
| ३ | सीपमूलक व्यवसायिक तालिम (रु. ४१,५००।- आन्तरिक स्रोत, नगद) मिलीजुली समूहहरुको लागि बचत ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम (रु. ५०,०००।- आन्तरिक स्रोत, नगद) | मिलीजुली समूहहरुको लागि बचत ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम (रु. ९१,५००।- आन्तरिक स्रोत, नगद) | रु. ९१,५००।- | |
| ४ | नवदम्पत्तीहरुको लागि शुभकामना कार्ड छपाई तथा वितरण (रु. ७,०५०।- आन्तरिक स्रोत, नगद) जन्मजात हुन सक्ने अपाङ्ता पहिचान शिशुको जाँच (रु. १२,०७५।- आन्तरिक स्रोत, नगद) | नवदम्पत्तीहरुको लागि शुभकामना कार्ड छपाई तथा वितरण (रु. १९,१२५।- आन्तरिक स्रोत, नगद) | रु. १९,१२५।- | |

प्रस्ताव नं. ६

लिज लाइन सेवा जडान सम्बन्धमा।

निर्णय नं. ६

नेपाल टेलिकमले उपलब्ध गराएको लागत अनुमान बमोजिम कार्यालयमा 5 MBPS Bandwidth को Dedicated Lease Line Internet सेवा जडान गर्ने। (श्रोत : सञ्चार)

प्रस्ताव ७ : मोटरसाइकल मर्मत खर्च भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय ७ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको सवारी साधन (प्र. १-०१-००१ झ २१६) पार्किङ स्थलबाट निकाल्ने क्रममा कार्यालय परिसरमा पार्किङ गरी राखिएको अर्को मोटरसाइकलसँग ठोक्किएर मे. १० प. ३०७२ नं. को मोटरसाइकलमा क्षति भएकोले सो मोटरसाइकल मर्मत गर्दा लागेको खर्च बिल भरपाई तथा आवश्यक कागजात बमोजिम भुक्तानी गर्ने। (श्रोत : मेशिन औजार मर्मत २ पाङ्ग्रे)

प्रस्ताव ८ : योजनाको म्याद थप गर्ने सम्बन्धमा।

निर्णय ८ : रोङ गाउँपालिका, ३ नं. वडामा सञ्चालन भइरहेको 'पवित्रा गोलाई-खमारे सडक मर्मत तथा विस्तार' योजनाको म्याद मिति :२०८२/०२/१५ गतेसम्मका लागि थप गर्ने।

प्रस्ताव ९: शशि मा. वि. घेराबारा सम्बन्धमा।

निर्णय ९ : स्वीकृत लागत अनुमानको आधारमा बढीमा २,८०,०००।- खर्च गर्ने गरी रोङ गाउँपालिका, २ मा रहेको शशि मा. वि. घेराबारा गर्ने (श्रोत : लागत साझेदारी)।

प्रस्ताव १०: बदामटार सामुदायिक भवनको शौचालय निर्माण सम्बन्धमा।

निर्णय १० : स्वीकृत लागत अनुमानको आधारमा बदामटार सामुदायिक भवनको शौचालय निर्माण गर्ने। 'बदामटार सामुदायिक भवनको शौचालय निर्माण' शीर्षकमा रहेको रु. ७५,०००।- मा नपुग रकम 'लागत साझेदारी' बाट व्यहोर्ने।

प्रस्ताव ११: 'धनसार साकेला भवन शौचालय निर्माण तथा घेराबारा' को लागि रकम थप गर्ने सम्बन्धमा।

निर्णय ११ : स्वीकृत लागत अनुमानको आधारमा 'धनसार साकेला भवन शौचालय निर्माण तथा घेराबारा' शीर्षकमा रहेको रु. ७५,०००।- मा नपुग रकम बढीमा रु. १,९०,०००।- 'लागत साझेदारी' बाट व्यहोर्ने।

प्रस्ताव १२: 'धनसार आधारभूत स्वास्थ्य आवास सिंढी निर्माण तथा झ्याल ढोका निर्माण' को लागि रकम थप गर्ने सम्बन्धमा।

निर्णय १२ : स्वीकृत लागत अनुमानको आधारमा 'धनसार आधारभूत स्वास्थ्य आवास सिंढी निर्माण तथा झ्याल ढोका निर्माण' शीर्षकमा रहेको रु. ५०,०००।- मा नपुग रकम बढीमा रु. १,९०,०००।- 'लागत साझेदारी' बाट व्यहोर्ने।

प्रस्ताव १३: भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय १३ : ठेक्का नं. RRM/ILAM/NCB/WORKS/2081/082-05 (Krishi Upaj Prasodhan Kendra Bhawan) को भेरिएसन आदेश नं. १ स्वीकृत गर्ने।

प्रस्ताव १४: रिटर्नी स्वयंसेवकको खर्च व्यवस्थापन सम्बन्धमा।

निर्णय १४ : रोङ गाउँपालिकामा 'सुरक्षित आप्रवासन' (SAMI-Safer Migration) कार्यक्रम सञ्चालन गर्नका लागि नियुक्त गरिने रिटर्नी स्वयंसेवकको आर्थिक सुविधा कार्यालयबाटै व्यहोर्ने । (स्रोत : पारिश्रमिक कर्मचारी)

प्रस्ताव १५: सुरक्षित आवास केन्द्र सञ्चालन तथा व्यवस्थापन खर्च सम्बन्धमा।

निर्णय १५ : हिंसापीडित महिलाहरुको लागि इलाम नगरपालिकामा निर्मित 'सुरक्षित आवास केन्द्र' सञ्चालन तथा व्यवस्थापन गर्न रु. ५०,०००।- आर्थिक सहयोग गर्ने । (स्रोत : लागत साझेदारी)

प्रस्ताव १६: सेवा खरिद गर्ने सम्बन्धमा।

निर्णय १६ : रोङ गाउँपालिका श्रमदान अभिलेख पुस्तिका र टोल विकास संस्थाहरुको बैठक तथा माइन्युट पुस्तिकाहरुको डिजाइन गर्नका लागि यस कार्यालयमा सूचीकृत 'प्रयास प्रारम्भ' बाट सेवा लिने (स्रोत : विज्ञ व्यवस्थापन)

प्रस्ताव १७: 'कोशी प्रदेश भ्रमण वर्ष, २०८२' को पूर्वतयारी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

निर्णय १७ : 'कोशी प्रदेश भ्रमण वर्ष, २०८२' को पूर्वतयारी अन्तर्गत पर्यटन सूचना केन्द्र, जोरकलशको संयोजनमा जोरकलशदेखि हर्कटेसम्म मेची राजमार्गको सडक खण्ड सरसफाई गर्ने । उक्त कार्यक्रम २०८१ चैत्र महिनाभित्रै सम्पन्न गर्ने। उक्त
कार्यक्रममा लाग्ने खर्चको 'लागत साझेदारी' बाट भुक्तानी दिने।

प्रस्ताव १८: आयोजनाको म्याद थप गर्ने सम्बन्धमा।

निर्णय १८ : २०८१ साल चैत्र मसान्तसम्म म्याद रहेको रोङ गाउँपालिका, वडा नं. - ५ स्थित 'तेलपानी खोला कटहरे सिंचाइ आयोजना' को म्याद मिति : २०८२ असार १५ सम्मका लागि थप गर्ने।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :* 2081-12-20

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*